Oct 3, 2023

National News

प्रमुख समाचार:-

1. प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा तेलंगानाको निजामाबादमा 8,000 करोड भन्दा बढीको धेरै विकास परियोजनाहरूको शिलान्यास
2. केन्द्रमा रहेको भारतीय जनता पार्टीको सरकारले देशको पूर्वाधार विकासमा विशेष ध्यान दिएको प्रधानमन्त्रीको भनाइ
3. वित्त मन्त्री निर्मला सीतारमणद्वारा कोइम्बटूर, तमिलनाडुमा प्रधानमन्त्री ऋण योजनाहरू अन्तर्गत ऋणहरू वितरण
4. हाङ्जाऊ एसियाली खेलकुदमा अहिलेसम्म भारतलाई कुल 63 पदक हासिल

## 1. PM - Telangana

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज तेलंगानाको निजामाबादमा 8,000 करोड भन्दा बढीको धेरै विकास परियोजनाहरूको शिलान्यास गर्नुभयो र राष्ट्रलाई समर्पण गर्नुभयो। प्रधानमन्त्रीले आज मनोहराबाद–सिद्धिपेट जोड्ने नयाँ रेलमार्ग र धर्माबाद–मनोहराबाद र महबुबनगर–कुर्नूलबीचको विद्युतीकरण परियोजना राष्ट्रलाई समर्पण गर्नुभएको छ। प्रधानमन्त्रीले रामागुण्डममा एनटीपीसीको तेलंगाना सुपर थर्मल पावर प्रोजेक्टको पहिलो चरणको ८०० मेगावाटको पहिलो युनिट पनि राष्ट्रलाई समर्पित गर्नुभयो। यस प्लान्टको ८५ प्रतिशत बिजुली राज्यमै प्रयोग हुनेछ। यसले उत्तर-दक्षिण ग्रिड जडानमा पनि सुधार गर्नेछ। प्रधानमन्त्रीले 20 जिल्ला सदरमुकाममा प्रधानमन्त्री आयुष्मान भारत स्वास्थ्य पूर्वाधार मिशन अन्तर्गत 50 शैयाको आधुनिक ब्लकको शिलान्यास पनि गर्नुभयो। यस अवसरमा बोल्दै श्री मोदीले पेडापल्लीमा रहेको नयाँ उर्जा संयन्त्र देशको सबैभन्दा आधुनिक संयन्त्र भएको र दोस्रो चरणमा छिट्टै अर्को उर्जा संयन्त्र स्थापना गरिने बताउनुभयो।

## 2. PM Chattisgarh

प्रधानमन्त्री श्री श्री नरेन्द्र मोदीले केन्द्रमा रहेको भारतीय जनता पार्टीको सरकारले देशको पूर्वाधार विकासमा विशेष ध्यान दिएको बताउनुभएको छ । आज छत्तीसगढको जगदलपुरमा प्रधानमन्त्रीले विगत नौ वर्षमा आधारभूत सुविधाको विकासमा भएको खर्च १० लाख करोड रुपैयाँ पुगेको बताउनुभयो । श्री मोदीले देशको हरेक राज्य, प्रत्येक जिल्ला र प्रत्येक गाउँको विकास भएपछि मात्र विकसित भारतको सपना पूरा हुने बताउनुभयो। प्रधानमन्त्रीले विगत नौ वर्षमा भारतलाई इस्पात उत्पादनमा आत्मनिर्भर बनाउन धेरै कदम चालिएको बताउनुभयो । प्रधानमन्त्री श्री श्री नरेन्द्र मोदीले आज छत्तीसगढको आदिवासी बस्तर डिभिजनको जगदलपुरमा 27 हजार करोडका धेरै विकास परियोजनाहरूको शिलान्यास गर्नुभयो।

## 3. Nirmala - Coimbatore

केन्द्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारमणले आज कोइम्बटूरमा लाभार्थीहरूलाई साढे तीन हजार करोड रुपैयाँको सहायता वितरण गर्नुभयो। सो अवसरमा आयोजना गरिएको कार्यक्रममा उहाँले आकांक्षी जिल्लालाई सबै प्रकारका सरकारी सहयोग उपलब्ध गराउने कामलाई प्राथमिकतामा राखेको बताउनुभयो । यस कार्यक्रममा क्रेडिट आउटरिच कार्यक्रम अन्तर्गत ऋण वितरण गरिएको थियो। वित्तमन्त्रीले ग्रामीण क्षेत्रका किसान तथा उद्यमीलाई सरकारले अनुदान र साना उद्यमी तथा व्यवसायीलाई ऋण सहयोग उपलब्ध गराउँदै आएको र त्यसका लागि सचेतनासमेत गराउँदै आएको वित्तमन्त्रीले बताउनुभयो । २३ हजार आठ सय लाभार्थीलाई खुद्रा कर्जा र दुई हजार नौ सय चार नयाँ लाभार्थीलाई मुद्रा ऋण दिइएको श्रीमती सीतारमणले बताउनुभयो ।

## 4. BJP West Bengal

भारतीय जनता पार्टीले पश्चिम बंगालमा केन्द्रबाट प्राप्त रकमको कथित दुरुपयोगको बारेमा केन्द्रीय अनुसन्धान ब्यूरोलाई छानबिन गर्न माग गरेको छ। आज नयाँदिल्लीमा सञ्चारकर्मीसँग कुरा गर्दै पार्टीका नेता तथा विधानसभामा विपक्षी दलका नेता सुभेन्दु अधिकारीले तृणमूल कांग्रेससँग आवद्ध हजारौं गाउँपालिकाले राज्यमा मनरेगा अन्तर्गत भइरहेको कामबाट करोडौं रुपैयाँ हिनामिना गरेको आरोप लगाउनुभएको छ।

## 5. International Petroleum Exhibition

संयुक्त अरब इमिरेट्सको अबु धाबीमा भएको अन्तर्राष्ट्रिय पेट्रोलियम प्रदर्शनीमा भारत विश्व ऊर्जा परिदृश्यमा नवाचार र सहयोगलाई बढावा दिने एक अग्रणी देशको रूपमा प्रस्तुत भइरहेको छ। सम्मेलनमा १६४ देशका प्रतिनिधिहरू सहभागी छन् । यस मंडपले भारतीय ऊर्जा कंपनीहरू र शोधकर्ताहरूका लागि एक स्थायी ऊर्जा भविष्यप्रति आफ्नो प्रतिबद्धता प्रदर्शन गर्ने सम्बन्धमा केन्द्रको रूपमा काम गर्नेछ। हिजो सुरु भएको यस सम्मेलन पाँच अक्टोबरसम्म चल्नेछ।

## 6. Nobel Prize – Physics

भौतिकशास्त्रमा नोबेल पुरस्कार तीन वैज्ञानिकहरू - पियरे अगोस्टिनी, फेरेन्क क्राउज र एनी ल'हुइलियरलाई तिनीहरूको महत्त्वपूर्ण प्रयोगहरूको लागि संयुक्त रूपमा प्रदान गरिने भएको छ। यसको औपचारिक घोषणा आज स्विडेनको रोयल स्वीडिश एकेडेमी अफ साइन्सेजले गरेको हो। प्रकाशको एटोसेकेन्ड पल्समा गरेको अनौठो प्रयोगका लागि यी वैज्ञानिकहरूलाई यो पुरस्कार प्रदा गर्न लागिएको हो। अमेरिकाका पियरे अगोस्टिनी, जर्मनीका फेरेन्क क्रुज र स्वीडेनका एनी लहुइलियरले प्रकाशको अत्यन्त छोटो तरंगहरू कसरी उत्पन्न गर्न सकिन्छ भनेर प्रयोगमा देखाएका छन्। पुरस्कारस्वरुप यी वैज्ञानिकलाई स्वर्ण पदक, प्रमाणपत्र र करिब आठ करोड रुपैयाँ दिइन्छ ।

## 7. Bihar Flood

बिहारमा अविरल वर्षाले कैमुर जिल्लाका धेरै भागमा बाढीको अवस्था सिर्जना गरेको छ। अविरल वर्षाका कारण कर्मनाशा, दुर्गावती, सुवरा जस्ता मौसमी नदीहरु डुबानमा परेका छन् । सुवरा नदीको पानीको बहाव बढेपछि भभुवा शहरका धेरै भवन, अस्पताल, कार्यालय डुबानमा परेका छन् । डीएभी विद्यालय र कस्तुरबा गान्धी आवासीय विद्यालय परिसरमा बाढीको पानी पसेपछि विद्यालयका बालबालिकालाई आपतकालीन अवस्थामा उद्धार गरिएको थियो। मौसम विभागले आज रोहतास, कैमुर, गया, औरंगाबाद र आसपासका जिल्लाहरूमा भारी वर्षाको चेतावनी जारी गरेको छ।

## 8. Earthquake

राष्ट्रिय राजधानी दिल्ली लगायत देशका उत्तरी भागमा आज शक्तिशाली भूकम्पको धक्का महसुस गरिएको छ । नेपालमा दुई पटक भूकम्प गएपछि यस्तो धक्का महसुस गरिएको हो । भूकम्पको तीव्रता चार दशमलव छ र छ दशमलव दुई मापन गरिएको छ। पहिलो झटका दिउँसो २:२५ मा र दोस्रो  २:५१ मा महसुस गरिएको थियो। राष्ट्रिय भूविज्ञान केन्द्रका अनुसार भूकम्पको केन्द्रविन्दु नेपालमा ५ किलोमिटर गहिराइमा थियो । अहिलेसम्म कुनै पनि मानवीय वा सम्पत्ति क्षतिको खबर छैन।

## 9. Asian Games

चीनको हाङ्जाओमा जारी एसियाली खेलकुदको दशौं दिन आज एथलेटिक्समा महिला ४०० मिटर बाधा दौडमा विद्याले कास्य पदक जितेकी छन् । क्यानोइङ डबलमा अर्जुन सिंह र सुनिल सिंहले कास्य पदक जितेका छन् । बक्सिङमा प्रीतिले ५४ केजी तौल समूहमा कास्य पदक जितिन् । योसँगै लभलिना बोर्गोहेन ७५ केजीको फाइनलमा पुगेकी छिन् । आर्चरीमा अभिषेक वर्मा र ओजस प्रवीण पुरुषमा कम्पाउण्ड व्यक्तिगततर्फ र महिलातर्फ ज्योति सुरेखा भेन्नम फाइनलमा पुगे । स्क्वास सिंगल्समा सौरभ घोषाल सेमिफाइनलमा पुगेका छन् । मिक्स डबल्समा अभय सिंह र अनहत सिंह अनि जोस्ना चिनप्पा र हरविन्दर पाल सन्धु सेमिफाइनलमा प्रवेश गरे। ब्याडमिन्टनमा किदाम्बी श्रीकान्त, एचएस प्रणॉय र पीभी सिन्धु सिंगल्सको प्रि-क्वार्टरफाइनलमा पुगेका छन्। क्रिकेटमा भारतले नेपाललाई २३ रनले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ । महिला हक्की टोली हङकङलाई १३–० ले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ । पदक तालिकामा भारत १३ स्वर्ण, २४ रजत र २६ कास्यसहित कुल ६३ पदकसहित चौथो स्थानमा छ।